मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८१**

**तह : एम.एड. / प्रथम सेमेस्टर**

**विषय:** पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ५१४)

---

**रोल नं. ........................**

**समूह 'क'**

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् ।** १०x१= १०

१. रमणीय अर्थ व्यक्त गर्ने शब्द नै काव्य हो भनी परिभाषित गर्ने व्यक्ति को हुन् ?

(क) भामह (ख) विश्वनाथ

(ग) आनन्दवर्द्धन (घ) जगन्नाथ

२. बालसाहित्यमा कस्तो शब्दशक्ति सबैभन्दा उपयुक्त हुन्छ ?

(क) अभिधा (ख) सारोपा लक्षणा

(ग) रुढि लक्षण (घ) व्यञ्जना

३. वीर रस भएका काव्यमा मुख्य गरी कुन गुण पाइन्छ ?

(क) माधुर्य (ख) ओज

(ग) प्रसाद (घ) समता

४. चटङ्ग, ढ्वाङ्ग, बर्ज्यो, छड्की जस्ता शब्दको प्रयोगले काव्यमा कस्तो दोष उत्पन्न हुन्छ ?

(क) श्रुतिकटुता (ख) ग्राम्यता

(ग) अप्रयुक्तता (घ) गर्भितता

५. बीभंत्स रसको स्थायी भाव कुन हो ?

(क) क्रोध (ख) ग्लानी

(ग) चिन्ता (घ) घृणा

६. भिन्न भिन्न तात्पर्यमा उही शब्द वा वाक्यकै पुनरावृत्ति गरिएमा कुन अनुप्रास हुन्छ ?

(क) अन्त्यानुप्रास (ख) छेकानुप्रास

(ग) लाटानुप्रास (घ) वृत्यानुप्रास

७. 'घरमा मेरी जहान यौटी बत्तीझैं बलेकी' कवितांशमा कुन अलङ्कार छ ?

(क) उपमा (ख) रुपक

(ग) दृष्टान्त (घ) सन्देह

८. रीति सिद्धान्तका प्रवर्तक को हुन् ?

(क) विश्वनाथ (ख) वामन

(ग) भामह (घ) मम्मट

९. 'वक्रोक्ति' को शाब्दिक अर्थ के हो ?

(क) बाङ्गो टेडो भनाइ (ख) घुमाउरो भनाइ

(ग) चातुर्यपूर्ण भनाइ (घ) रमणीय भनाइ

१०. सिङ्गो कृतिको समग्र सौन्दर्यबाट व्यक्त हुने वक्रतालाई के भनिन्छ ?

(क) प्रकरण वक्रता (ख) प्रबन्ध वक्रता

(ग) वाक्य वक्रता (घ) पदपूर्वार्द्ध वक्रता

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८१**

तह : एम.एड. / प्रथम सेमेस्टर — पूर्णाङ्क: ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क: ३०

**विषय:** पूर्वीय साहित्य सिद्धान्त (नेपा.शि. ५१४)

---

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्ने छ ।*

## समूह 'ख'

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।** — ६×५= ३०

१. देहवादी र आत्मवादी मतका आधारमा काव्यलाई परिभाषित गर्नुहोस् ।

२. लक्षणा र व्यञ्जना शब्दशक्तिको सोदाहरण परिचय दिनुहोस् ।

३. काव्य गुणका प्रकारहरुको वर्णन गर्नुहोस् ।

**अथवा**

अनुप्रास र उपमा अलङ्कारको उदाहरणसहित परिचय दिनुहोस् ।

४. करुण र शान्त रसको उदाहरण प्रस्तुत गरी रस सामग्रीहरुको विश्लेषण गर्नुहोस् ।

५. ध्वनिको अर्थ स्पष्ट पारी अभिव्यक्तिका आधारमा यसको वर्गीकरण गर्नुहोस् ।

६. वक्रोक्ति भनेको के हो ? साहित्यमा यसको उपयोगिता औंल्याउनुहोस् ।

**अथवा**

पदपूर्वार्द्ध र पदपरार्ध वक्रताको सोदाहरण परिचय दिनुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।** — २×१०= २०

७. काव्य दोष भनेको के हो ? प्रमुख काव्य दोषका प्रकारको चर्चा गर्नुहोस् ।

८. रीतिको अर्थ, परिभाषा र महत्व उल्लेख गरी वैदर्भी र रीति शैलीका समानता र असमानता छुट्याउनुहोस् ।

**अथवा**

काव्य हेतु र प्रयोजनको सविस्तार चर्चा गर्नुहोस् ।

**समाप्त**